# आयुर्वेद चिकित्सालय, नरदेवी, काठमाडौंको
# जडिबुटी खरिद सम्वन्धि बोलपत्र आव्हानको सूचना
## ठे.नं. १।०७७।०७८
(प्रथम पटक प्रकाशित मिति:२०७७।०७।२५ गते )

यस आयुर्वेद चिकित्सालयको लागि आ.व.२०७७।०७८ मा आवश्यक पर्ने जडिवुटीहरु बोलपत्रको माध्ययमवाट खरिद गर्नु पर्ने भएकोले उपलब्ध गराउन इच्छुक जडिबुटीको कारोवार गर्ने इजाजत प्राप्त फर्म वा कम्पनीवाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र आव्हान गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

**शर्तहरु :**

१. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मिति देखि ३०औं दिन सम्म कार्यालय समय भित्र यस चिकित्सालयमा रु.३,०००। तिरेको सक्कल रसिद, निबेदन फर्म वा कम्पनी दर्ता, आयकर,मु.अ.कर र २०७६।७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु पेश गरी खरिद गर्न र ३१ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिने छ । एउटा फर्म वा कम्पनीको नाममा खरिद गरेको बोलपत्र अर्को फर्म वा कम्पनीको नामवाट दर्ता गर्न पाइने छैन ।

२. यस कार्यालयवाट सहिछाप गरी विक्रि भएको बोलपत्र फारामसाथ धरौटी वापत रु.२,७५,०००।-(अक्षरेपी दुई लाख पच्चहत्तर हजार मात्र) रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वर काठमाण्डौको रा.वा.वैंक टेकूमा रहेको धरौटी खाता नं. १७०००१०२०३०००० (कार्यालय कोड नं.३७०००३५०२) मा नगदै जम्मा गरेको दोश्रो प्रति सक्कलै वैंक भौचर वा १२०(एकसय विस) दिनको मान्य अवधि भएको क वर्गको वाणिव्य वैंक वाट जारी भएको विडबण्ड जमानत पत्र शिलवन्दी गरी खामको वाहिर कामको विवरण तथा फर्मको नाम र ठेगाना स्पष्टसंग लेखि दर्ताका लागि पेश गर्नुपर्ने छ ।

३. बोलपत्र साथ फर्म दर्ता, आयकर दर्ता, मुल्य अभिबृद्धि कर दर्ता र आ.व.२०७६।७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरेको हुनुपर्ने छ । स्वीकृत भएका बोलपत्र दाताहरुले उल्लेखित प्रमाणपत्रहरुको सक्कल सम्झौता हुनु अघि यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. बोलपत्र साथ अनिवार्य रुपमा बोलपत्र फाराममा उल्लेख भएका सम्पूर्ण जडिवूटीको नमूना पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फारममा मूल्य अभिबृद्धि कर बाहेकको दर उल्लेख गरी जोड जम्मा गरेको साथै बोलपत्रदाताले रीतपूर्वक प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ ।

६. कवोल गरेको दरको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ ।

७. म्याद भित्र दर्ता नभएको ,रीत नपूगेको, शर्त राखेको, जडिवूटीको नमूना पेश नगरेको र आंशिक फर्म भरेकोलाई मान्यता दिइने छैन ।

८. रीतपूर्वक दर्ता भएका बोलपत्रहरु ३१औं दिनको २:०० बजेपछि यस कार्यालयमा बोलपत्रदाता प्रतिनिधि समेतको उपस्थितिमा नियम अनुसार खोलिनेछ । तर बोलपत्रदाता प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

९. बोलपत्र खोल्ने र बिक्री गर्ने अन्तिम दिन विदा परेमा सो को लगत्तै भोलिपल्ट हुनेछ ।

१०. बोलपत्र आंशिक वा पुर्ण रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार यस चिकित्सालमा निहित रहेन छ ।

११. बोलपत्र दाताले पेश गरेको नमुना जडिबूटी विज्ञ सहितको प्राविधिकबाट परीक्षण गरिनेछ ।

१२. स्वीकृत बोलपत्र दाताले सप्लाई गर्ने जडिबुटीहरु चिकित्सालयले तोकेको प्याकिङ साइजमा पारदर्शी प्लाष्टिकमा प्याकिङ गरी उपलब्ध गराउनुपर्नेछ ।

१३. यसमा उल्लेख भएकोमा यसैअनूसार र उल्लेख नभएकोमा सार्वजनीक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार हुनेछ ।

| दरभाउपत्र नं. | आयोजनाको नाम | ल.इ.रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर | धरौटी खाता नं. | कार्यालय कोड नं. |
|---|---|---|---|---|---|---|
| १।०७७।०७८ | जडिवुटी सप्लाइ सम्वन्धी कार्य | ९७,००,००० | रु.२,७५,००० | ३,०००। | १७०००१०२०३०००० | ३७०००३५०२ |